राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com


विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३६ २०८३ भदौ ८ गते सोमवार (24 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## चार प्रदेशमा भारी वर्षाको सम्भावना

दैनिक समाचारदाता

काठमाडौँ, ७ भदौ । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले देशका सात वटै प्रदेशका विभिन्न स्थानमा मध्यमसम्मको वर्षा भइरहेको छ । महाशाखाका अनुसार हाल देशभर साधारणतया बादल लागेको छ भने बागमती, गण्डकी, लुम्बिनी प्रदेशको केही स्थानमा, कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थान तथा मधेस प्रदेशको एक, दुई स्थानमा मध्यमसम्मको वर्षा भइरहेको छ । आइतबार रातिदेखि सोमबारसम्म कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भूभागमा भारी वर्षाको सम्भावना छ ।



सोमबार देशको पहाडी भूभागका धेरै स्थानमा मेघगर्जन चट्याङ्गसहित मध्यमसम्मको वर्षा, हिमपातको सम्भावना छ । बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थानमा तथा मधेस प्रदेश लगायत कोशी प्रदेशका तराई भूभागमा मेघगर्जन चट्याङ्गसहित मध्यम वर्षाको सम्भावना छ । मङ्गलबार पनि देशभर साधारणतया बादल लाग्नेछ ।कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी भूभागका एक, दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ ।

### मधेशमा ९८ प्रतिशत रोपाई सकियो

# वर्षभरि माग धान्न भारतबाट करोडौँको धान आयात

*वीरेन्द्र कर्ण*

जनकपुरधाम, ७ भदौ । मधेश प्रदेशमा यस वर्ष ९८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। समयमै वर्षा हुनुका साथै मलखादसमेत उपलब्ध भएकाले यस वर्ष धान रोपाइँ छिटो सुरु भएको कृषि ज्ञान केन्द्र धनुषाले जनाएको छ।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार मधेश प्रदेशमा कुल ५ लाख ५२ हजार ७ सय ४५ हेक्टर खेतीयोग्य जग्गा रहेकामा ३ लाख ८२ हजार ४ सय ३३ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। त्यसमध्ये हालसम्म ३ लाख ७३ हजार ६ सय ९३ दशमलव २९ हेक्टर अर्थात् ९८ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सम्पन्न भएको छ।




कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीपकुमार यादवका अनुसार यस वर्ष समयमै पानी परेको र मलखाद पनि समयमै उपलब्ध भएकाले किसानले छिटो धान रोप्न सकेका हुन्।

जिल्लागत रूपमा हेर्दा धनुषामा ४३ हजार ७ सय हेक्टर धानखेती हुने क्षेत्रफलमध्ये ९५ प्रतिशत अर्थात् ४१ हजार ५ सय १५ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ। सप्तरीमा ६८ हजार हेक्टरमध्ये ९५ प्रतिशत अर्थात् ६४ हजार ६ सय हेक्टरमा रोपाइँ सकिएको छ। सिरहामा भने ४५ हजार हेक्टर क्षेत्रफलमा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ। त्यस्तै, महोत्तरीमा ४० हजार हेक्टरमध्ये ३४ हजार ७ सय २१ हेक्टर, सर्लाहीमा ४२ हजार ६ सय ९५ हेक्टरमध्ये ४२ हजार २ सय ६८ हेक्टर र रौतहटमा ३८ हजार ५ सय हेक्टरमध्ये ३३ हजार ७ सय ३० हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ। बारामा ४५ हजार १ सय हेक्टर धानखेती हुने क्षेत्रफलमध्ये ४५ हजार हेक्टरमा रोपाइँ सकिएको छ भने पर्सामा ५३ हजार ९ सय ३८ हेक्टरमध्ये ५२ हजार ८ सय ५९ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ।

मधेश प्रदेशको मुख्य बालीका रूपमा रहेको धानखेतीमा करिब ९० प्रतिशत किसान संलग्न छन्। धान उत्पादन राम्रो भए पनि प्रदेशको वर्षभरको माग धान्न पर्याप्त नहुने भएकाले भारतबाट ठूलो परिमाणमा धान आयात गर्नुपर्ने अवस्था रहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा भारतबाट भिठामोड नाका हुँदै ८५ करोड ६७ लाख ६३ हजार २ सय ६० रुपैयाँ मूल्य बराबरको २ करोड ६७ लाख ७३ हजार ८ सय ५५ किलो धान नेपाल भित्रिएको तथ्यांक छ।

मधेशमा धान रोपाइँ लगभग सम्पन्न भइसके पनि उत्पादनले वर्षभरको माग धान्न नसक्दा भारतबाट धान आयात गर्नुपर्ने अवस्थाले प्रदेशको कृषि अर्थतन्त्रमा उत्पादन र बजारबीचको अन्तरलाई देखाएको छ।

## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागी बनौं ।

*कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## श्रीमती हत्यामा दोषी ठहर यादव पक्राउ

दैनिक समाचारदाता

जनकपुरधाम,७ भदौ । धनुषामा श्रीमतीको हत्या गरेको अभियोगमा अदालतबाट दोषी ठहर भई फरार रहेका एक व्यक्ति पक्राउ परेका छन् ।

प्रहरीले लक्ष्मीनियाँ गाउँपालिका-४ का ३५ वर्षीय सञ्जयकुमार यादवलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार यादवले २०८० साउन १५ गते आफ्नै घरको कोठामा श्रीमती रुवी शर्मा ठाकुरलाई ढुंगाले प्रहार गरी हत्या गरेका थिए ।





घटनापछि फरार रहेका यादवलाई उच्च अदालत जनकपुरधामले २०८३ जेठ २२ गतेको फैसलामार्फत तीन वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना सुनाएको थियो ।

अदालतको फैसला कार्यान्वयनका लागि फरार प्रतिवादीको खोजी गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले यादवलाई लक्ष्मीनियाँ गाउँपालिका-४ स्थित सखी बजारमा हिँडिरहेको अवस्थामा पक्राउ गरेको हो ।


पक्राउपछि यादवलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको छ । उनलाई अदालतमा उपस्थित गराई फैसला कार्यान्वयनको प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# पश्चिम एसियाबाट कसरी तेल बाहिर निकालिरहेछन् अमेरिका र केही देशहरू ?

## सम्पादकीय

## अतिक्रमणमुक्त पोखरी

जनकपुरधामको पहिचान केवल जानकी मन्दिरमा सीमित छैन। यहाँका ऐतिहासिक पोखरी, कुटी, मठमन्दिर र गुठीका सम्पत्ति पनि यस नगरको धार्मिक, सांस्कृतिक र ऐतिहासिक अस्तित्वका आधार हुन्। तर विडम्बना, संरक्षण गर्नुपर्ने यिनै सार्वजनिक तथा धार्मिक सम्पत्तिहरू वर्षौंदेखि अतिक्रमणको चपेटामा पर्दै आएका छन्। पोखरीका डिल मिचेर घर-टहरा बनाउनेदेखि गुठीको जग्गा निजी प्रयोजनमा प्रयोग गर्ने प्रवृत्तिले जनकपुरधामको मौलिक स्वरूप नै संकटमा परेको छ।

यस्तो अवस्थामा गुठी संस्थानले अतिक्रमित पोखरीका डिल तथा गुठीका जग्गा खाली गराउने अभियान सुरु गर्नु स्वागतयोग्य कदम हो। गोरधोइ पोखरीको डिलमा बनेका संरचना हटाउन डोजर परिचालन हुनु लामो समयदेखि थाती रहेको विषयलाई कार्यान्वयनतर्फ लैजाने सकारात्मक सुरुवात हो। संस्थानले जनकपुरधाम क्षेत्रका ४९ वटा पोखरीलाई अतिक्रमणमुक्त बनाउने लक्ष्य लिनु अझ महत्वपूर्ण छ।

तर डोजर चलाएर केही संरचना भत्काउनु मात्र अतिक्रमण नियन्त्रणको स्थायी समाधान होइन। अतिक्रमण हटाउने अभियान कानुन, तथ्य र निष्पक्षताका आधारमा अघि बढ्नुपर्छ। कसैको राजनीतिक वा व्यक्तिगत प्रभावका कारण एउटा संरचना जोगिने र कमजोर वर्गको संरचना मात्रै भत्किने अवस्था आउनु हुँदैन। सार्वजनिक सम्पत्ति संरक्षणका नाममा वास्तविक भूमिहीन तथा विपन्न परिवारमाथि अन्याय पनि हुनुहुँदैन। त्यसैले प्रत्येक जग्गाको स्वामित्व, सीमाना र अतिक्रमणको प्रकृति स्पष्ट पहिचान गरेर पारदर्शी ढंगले अभियान सञ्चालन गर्न आवश्यक छ।

पोखरीको संरक्षणको प्रश्न अतिक्रमण हटाउने विषयमा मात्र सीमित छैन। पोखरीका डिल खाली गराएपछि त्यसको सौन्दर्यीकरण, सरसफाइ, पानीको स्रोत संरक्षण र व्यवस्थित उपयोगको योजना पनि आवश्यक छ। नत्र आज अतिक्रमण हटाइएको ठाउँ भोलि फेरि मिचिन सक्छ। त्यसका लागि स्थानीय तह, गुठी संस्थान, प्रशासन, नागरिक समाज र स्थानीय समुदायबीच प्रभावकारी समन्वय हुनुपर्छ।

जनकपुरधामका ३० वटा पोखरीको नापी सम्पन्न भइसकेको तथ्य पनि सकारात्मक छ। बाँकी पोखरीको नापी तथा सीमाना निर्धारण शीघ्र सम्पन्न गरी सबै सार्वजनिक तथा गुठी सम्पत्तिको अभिलेख अद्यावधिक गरिनुपर्छ। सीमाना स्पष्ट भएपछि मात्रै भविष्यमा हुने अतिक्रमण रोक्न सहज हुन्छ। साथै, अतिक्रमण हटाइएका क्षेत्रको नियमित अनुगमन र संरक्षणको जिम्मेवारी पनि स्पष्ट तोकिनुपर्छ।

ऐतिहासिक सम्पत्ति एकपटक नष्ट भएपछि त्यसलाई पुरानै अवस्थामा फर्काउन सकिँदैन। पोखरी केवल पानी जम्ने ठाउँ होइनन्, ती जनकपुरधामको इतिहास, संस्कृति, धार्मिक आस्था र पर्यावरणसँग जोडिएका जीवित सम्पदा हुन्। त्यसैले अतिक्रमण हटाउने अहिलेको अभियानलाई क्षणिक डोजर अभियानमा सीमित नराखी दीर्घकालीन सम्पदा संरक्षण अभियानका रूपमा अघि बढाउनुपर्छ। गुठीको जग्गा र ऐतिहासिक पोखरीमाथिको अतिक्रमण हटाउनु कसैविरुद्धको अभियान होइन, सार्वजनिक सम्पत्तिको पक्षमा गरिएको कानुनी र सामाजिक दायित्व हो। त्यसैले दबाब, प्रभाव र राजनीतिक स्वार्थबाट मुक्त भएर अभियानलाई निरन्तरता दिनुपर्छ। आज सुरु भएको यो प्रयासले जनकपुरधामका पोखरी र गुठी सम्पत्तिलाई भावी पुस्ताका लागि सुरक्षित राख्ने आधार तयार गर्न सके मात्रै यसको वास्तविक अर्थ हुनेछ।

---

रियाद । जुलाई २५ को ठीक मध्याह्नमा ग्रीसको स्वामित्वमा रहेको 'किकु' नाम गरेको विशाल तेल ट्यांकर कतारको पश्चिमी तटमा रहेको दोहाबाट २५ माइल दक्षिणमा रहेको मेसाइद तेल निर्यात टर्मिनलमा पुग्यो ।

एक हजार फिटभन्दा लामो 'भेरी लार्ज क्रुड क्यारियर' श्रेणीको यो ट्यांकर चार दिनपछि कच्चा तेल बोकेर जहाज स्ट्रेट अफ होर्मुज हुँदै अघि बढ्यो । ट्यांकर फारसको खाडी हुँदै प्रतिघण्टा १३ नटको गतिमा अघि बढिरहेको थियो । यो जहाजको अधिकतम गतिको आसपास थियो । तर जुलाई ३१ मा दिउँसो २ बजेर केही मिनेटपछि दुबईको तटबाट केही पर पुग्दा ट्यांकर अचानक गायब भयो ।



ट्यांकर ठ्याक्कै कहाँ छ र कतातिर गइरहेको छ भनेर कसैले थाहा नपाओस् भनेर 'किकु'ले आफ्नो पहिचान, गति, दिशा र स्थान प्रसारण गर्ने एआईएस ट्रान्सपोन्डर बन्द गरेको थियो । त्यसपछि विश्वभरको समुद्री यातायात निगरानी गर्ने ट्र्याकिङ सेवाका लागि 'किकु' एकाएक विलुप्त भयो । अनि अगस्ट १ बिहान १० बजेपछि स्ट्रेट अफ होर्मुजको अर्को छेउमा यसको समुद्री रेडियो उपकरण संकेत देखा पर्‍यो ।

पछिल्लो समय रातको समयमा अमेरिकी सेनाले इरानी आक्रमणबाट जोगाउन आफ्नो सुरक्षा घेरामा स्ट्रेट अफ होर्मुज भएर आउजाउ गर्ने जहाजलाई यसै गरी स्ट्रेट आर पार गराइरहेका छन् । यही नीतिअनुसार किकुको एआईएस ट्रान्सपोन्डर निकै घन्टासम्म बन्द रहे । यसको उद्देश्य इरानी ड्रोन आक्रमणबाट जोगिनु थियो । एक महिनाअघि पनि होर्मुज क्षेत्रमा 'किकु'माथि ड्रोन आक्रमण भएको थियो, तर ड्रोन विस्फोट हुन सकेको थिएन ।

अमेरिकी नौसेनाको सहयोगमा साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्सका तेल कम्पनीहरूले ट्यांकर भाडामा लिएर तेल होर्मुज पार गराइरहेका छन् । ट्रान्सपोन्डर बन्द गरेर चलाइने यी ट्यांकर फारसको खाडीबाट स्ट्रेट अफ होर्मुज पार गरेर ओमानको खाडी पुग्छन् । त्यहाँ तेल कुरिरहेका ग्राहकका ट्यांकरमा कच्चा तेल खन्याएर यिनीहरू फेरि स्ट्रेट हुँदै आफ्नो पुरानो फर्किन्छन् । यसबाट इरानी आक्रमणको बिनाजोखिम र भौतिक खतरा व्यावसायिक जहाज सञ्चालकबाट हटेर अमेरिकी सरकार र स्वयं तेल उत्पादकको जिम्मामा पुगेको छ ।

अमेरिकी ऊर्जा मन्त्रालयका अनुसार यो निकै रणनीति प्रभावकारी देखिएको छ । यही तरिका अपनाएर स्ट्रेट अफ होर्मुज हुँदै दैनिक औसत ८० लाखदेखि ९० लाख ब्यारेलसम्म तेल ओसारपसार भइरहेको मन्त्रालयले जनाएको छ । यो वाल स्ट्रिटका तेल विश्लेषक र केप्लरजस्ता ढुवानी निगरानी कम्पनीको ट्रान्सपोन्डरको तथ्यांकले देखाएको भन्दा झन्डै दोब्बर हो । यस्ता गोप्य आवतजावतले अहिले पश्चिम एसियाका तेल उद्योगको अवस्था बदलिदिएको छ ।

दुई दिनमा ओमानको खाडीमा एक दर्जनभन्दा बढी जहाजबिच कच्चा तेल स्थानान्तरण भएको आफूले देखेको अमेरिकी समाचार संस्था सीएनएनले बताएको छ । तीमध्ये केही जहाज चीन, ताइवान, दक्षिण कोरिया, फिलिपिन्स, भियतनाम र थाइल्यान्डतर्फ गएका छन् । यो जोखिमपूर्ण र महँगो उपाय हो । तर वार्तामार्फत युद्धको अन्त्य र स्ट्रेटका लागि दीर्घकालीन योजना जस्ता स्थायी समाधान ननिस्कँदासम्म यसले तेल बजारलाई ठूलै राहत दिइरहेको छ ।

### *'डार्क ट्रान्जिट'*

ऊर्जा बजारका लागि महत्त्वपूर्ण समयमा यस्ता डार्क ट्रान्जिट भइरहेका छन् । इरान युद्ध धेरैले अनुमान गरेभन्दा लामो समयसम्म तानिएको छ । पछिल्ला छ महिनामा विश्वको तेल बजारमा आपूर्ति हुने झन्डै २० प्रतिशत तेल प्रभावित भएको छ । पछिल्ला केही सातामा अवस्था निर्णायक मोडमा पुगेको छ । व्यावसायिक भण्डारमा रहेका अर्बौं ब्यारेल तेल र इन्धन रित्तिँदै गइरहेको छ । अमेरिकाको आपत्कालीन तेल भण्डार सन् १९८० को दशकको सुरुवातयताकै न्यून अवस्थामा पुगेको छ । चीनले अहिले आफ्नो विशाल तेल भण्डार प्रयोग गरिरहेको छ । तर सधैं यो भन्डारले काम गर्दैन । जुन दिन भन्डार निमिट्यान्न हुनेछ विश्व बजारमा कच्चा तेलको भाउ आकाशिएर प्रतिब्यारेल १५० डलरमाथि उक्लिने पक्कापक्की छ । उता ऋणपत्र बजारका लगानीकर्ता र आमजनताले महँगिएको इन्धनको मूल्यप्रति आफ्नो धैर्य गुमाउँदै गइरहेका छन् ।

यस्तो कठिन परिस्थितिबिच पश्चिम एसियाका तेल उत्पादकहरूले पछिल्ला केही सातादेखि नयाँ रणनीति प्रयोग गर्न थालेका हुन् । यो पूर्ण समाधान होइन । स्ट्रेट अफ होर्मुज निकै साँघुरो छ । यसको सबैभन्दा चौडा भाग करिब २३ माइल मात्र फराकिलो छ । यहाँ जहाजलाई लुकाउन धेरै ठाउँ नै छैन । ट्रान्सपोन्डर बन्द गरे पनि राडारले जहाज पत्ता लगाउन सक्छ ।

यसै साता संयुक्त अरब इमिरेट्स (यूएई)का दुई जहाजमाथि आक्रमण पनि भए । केप्लरका अनुसार पछिल्ला दुई सातामा स्ट्रेट अफ होर्मुज भएका करिब ८० प्रतिशत आवतजावत 'डार्क' थियो । जहाजहरू इरानबाट सकेसम्म टाढा रहने गरी ओमानको तट आसपासबाट गइरहेका छन् । क्षेत्रीय द्वन्द्वका कारण केही ट्र्याकिङ तथ्यांक जीपीएस जामिङबाट प्रभावित भएकाले वास्तविक अवस्थाको मूल्यांकन गर्न कठिन भएको छ ।

यो नयाँ रणनीति प्रयोग गर्ने अन्य जहाजजस्तै 'किकु' पनि ट्रान्सपोन्डर बन्द गरेको एक दिनपछि यूएईको बन्दरगाह सहर फुजैराहनजिकै फेरि देखियो । ट्रान्सपोन्डरको संकेत पुनः आउन थालेपछि 'किकु' त्यहाँ एक दिनअघि नै ओमानको खाडी पुगेको अर्को ग्रीक सुपरट्यांकर 'नेभ इलेक्ट्रोन'सँगै रोकियो । दुवै जहाज एक सातासम्म सँगै रहे अनि एकमा भएको तेल अर्कोमा सारे । अगस्ट ८ मा छुट्टिएपछि तेल भरिएको 'नेभ इलेक्ट्रोन' खाडीबाट बाहिरियो र चीनको निङ्बोतर्फ जान भनेर अरब सागरतर्फ लाग्यो । 'किकु' भने करिब अगस्ट १४ सम्म फुजैराहको तटमै रह्यो । अनि ट्रान्सपोन्डर बन्द गरेर हिड्यो । भोलिपल्ट साँझ ४ बज्नुअघि यसको संकेत फेरि फारसको खाडीमा देखियो । यतिबेला जहाज कतारतर्फ फर्किरहेको थियो ।

### *उल्टियो इरानको तेल निर्यात हुन नदिने खेल*

अमेरिकी सुरक्षा घेरामा गरिएका यी डार्क ट्रान्जिट पश्चिम एसियाका तेल उत्पादकले विश्वभरका ग्राहकलाई निर्यात गर्न सक्ने तेलको मात्रा बढाउँदै इरानको खेल उल्ट्याएको पछिल्लो उदाहरण हो । विशेषगरी साउदी अरबले फारसको खाडीमा प्रतीक्षारत तेल ट्यांकरमा पठाइनुपर्ने दैनिक करिब ५० लाख ब्यारेल तेलको मार्ग परिवर्तन गरेको छ । उक्त तेल अब इस्ट-वेस्ट पाइपलाइनमार्फत लाल सागरस्थित यान्बु बन्दरगाहमा पुऱ्याइन्छ । पश्चिम एसियाका अन्य तेल उत्पादकले दैनिक थप २० लाख ब्यारेल प्रतिदिनको तेल अन्त्रयबाट लगिरहेका छन् ।

विश्वका अन्य मुलुकमा पनि उत्पादन बढाइएको छ । ब्राजिल, गुयाना र भेनेजुएलाले संयुक्त रूपमा दैनिक १० लाख ब्यारेलभन्दा बढी अतिरिक्त तेल बजारमा लगिरहेका छन् । अमेरिकाले पनि दैनिक केही लाख ब्यारेल अरु तेल बजारमा पठाइरहेको छ । यसका साथै महिनौंदेखि कम समन्वय र सैन्य सुरक्षा नभएका डार्क ट्रान्जिट पनि भइरहेका छन् ।

अर्कोतर्फ, अमेरिकाले आपत्कालीन भण्डारबाट ४० करोड ब्यारेल तेल बजारमा पठाएको छ । यसले स्ट्राटेजिक पेट्रोलियम रिजर्भको भण्डार ठुलो मात्रामा घटाएको छ । चीनले पनि कच्चा तेलको आयातमा उल्लेख्य कटौती गरेर आफ्नो विशाल तेल भण्डारबाट ठुलो मात्रामा तेल झिकिरहेको छ । मूल्य बढेपछि विश्वव्यापी मागसमेत उल्लेख्य घटेको छ । यसले तेल बजारलाई

बाँकी पृष्ठ ३ मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## पश्चिम..................

सन्तुलनमा राख्न र खाँचोमा रहेका ग्राहकसम्म तेल पुऱ्याउन मद्दत मिलेको छ। बजारले तेल पाउने कुनै न कुनै बाटो भेटिरहेको छ। युद्ध सुरु हुँदा सबैभन्दा जानकार विशेषज्ञले अनुमान गरेभन्दा तेल बजार निकै जटिल तर धेरै लचिलो साबित भएको छ।

***अस्थायी समाधान***

स्ट्रेट अफ होर्मुजको राडार र स्याटेलाइट तस्बिरले ट्रान्सपोन्डरको तथ्यांकले देख्न नसकेको अवस्था उजागर गर्छ। उदाहरणका लागि, अगस्ट १४ का स्याटेलाइट तस्बिरमा होर्मुज जलडमरू हुँदै ओमानको तट वरिपरि घुमेको बिन्दुहरूको लामो लहर देखिन्छ। तर ती बिन्दु सोही दिन र समयका जहाज ट्र्याकिङ तथ्यांकसँग मेल खाँदैनन्। ती 'बिन्दु' वास्तवमा डार्क भएका जहाज थिए। अगस्ट ७ मा ट्रान्सपोन्डरको तथ्यांकमा ग्रीक स्वामित्वका दुई ट्यांकर ओमानको खाडीमा एकअर्काको छेउमा देखिए।

स्याटेलाइट तस्बिरमा डार्क अवस्थामा स्ट्रेट पार गरिसकेको 'निसोस किथ्नोस' नामको शटल ट्यांकर 'फ्रन्ट ओट्रा'सँगै रहेको देखिन्छ। अगस्ट १४ मा 'फ्रन्ट ओट्रा' ताइवानका लागि भनेर अरब सागरतिर गयो। 'निसोस किथियोस' भने तेल हाल्न भनेर फेरि फारसको खाडीमा फर्किसकेको थियो। तर यही तरिकाले सधैं काम गरिरहन सक्दैन।

युद्धका क्रममा विश्वभरका तेल भण्डार १ अर्ब ९० करोड ब्यारेलसम्म घटिसकेको छ। बजार सन्तुलनमा फर्किए भने पनि ती भण्डार पुनः भर्नुपर्ने हुन्छ, नत्र अर्को संकट आउन सक्छ। केही गरी बजार सन्तुलनमा आएन भने भण्डार रित्तिदै यति न्यून तहमा पुग्नेछ कि विश्वको तेल माग धान्न त्यसमा भर पर्न सकिने छैन। त्यसपछि यस्तो मोड आउन सक्छ, जहाँ थप माग घटाउन तेलको मूल्य उल्लेख्य रूपमा बढाउनु नै एकमात्र उपाय बन्नेछ।

इन्धन बजारमा यस्तै समस्या देखिइसकेको छ। विश्वका चार प्रमुख रिफाइनिङ हबमध्ये तीनवटा गम्भीर संकटमा छन्। इरान युद्धले पश्चिम एसियाका रिफाइनरीमा क्षति पुऱ्याएको छ र त्यस क्षेत्रबाट इन्धन निर्यात सुस्त बनाएको छ। अर्को प्रमुख इन्धन आपूर्तिकर्ता रुस पनि युक्रेनसँगको युद्धका कारण प्रभावित भएको छ। युक्रेनी ड्रोनले रुसी रिफाइनरीलाई निशाना बनाएका छन्। आफ्नै देशमा इन्धन अभाव भएपछि मस्कोले इन्धन निर्यात कटौती गरेको छ।

चीनले घरेलु बजारमा इन्धन अभाव हुन नदिन प्रशोधित इन्धनको निर्यात सीमित गरिरहेको छ। चीन सामान्य अवस्थामा ठुलो इन्धन निर्यातकर्ता हो। त्यसैले पनि उसका लागि यो जरुरी छ। यसले विश्वव्यापी माग धान्ने जिम्मेवारी यतिबेला अमेरिकाको खाडी तटका रिफाइनरीमाथि परेको छ। तर अमेरिकी रिफाइनरीहरू सधैं पूर्ण क्षमतामा सञ्चालन गर्न सक्दैनन्। उत्पादन गर्ने रिफाइनिङ क्षमता सीमित छ तर डिजेल र जेट इन्धनको माग अत्यधिक बढेका छन्। त्यसैले इन्धनको मूल्य कच्चा तेलको मूल्यबाट अपेक्षा गरिने स्तरभन्दा पनि धेरै माथि पुगेको छ।

वार्तामा चाँडै सफलता मिल्ने भनेर बताउँदै बताउँदै राष्ट्रपति डोनाल्ड ट्रम्प महिनौंसम्म तेलको मूल्य घटाउन सफल भएका थिए। तर पछिल्लो समय उनको योजना फेरिएको छ। इरानलाई दबाबमा पार्ने र इरानका बन्दरगाहमाथि लामो समयसम्म नौसैनिक नाकाबन्दी गर्दै 'कठोर आर्थिक अभियान' सञ्चालन गर्ने अमेरिकाको नयाँ रणनीति बनेको छ। यसले तेलको मूल्य केही सातादेखि निरन्तर बढाएको छ र प्रतिब्यारेल १०० डलरको नजिक पुऱ्याएको छ।

दुवै देश युद्धको जटिल र सहजै समाधान नहुने अवस्थामा फसेका बेला स्ट्रेट अफ होर्मुज नियन्त्रणका लागि जारी संघर्षले तेल, विशेषगरी ग्यास, डिजेल र जेट इन्धनको मूल्य उपभोक्ताका लागि असहज रूपमा उच्च बनाएको छ। यसले मुद्रास्फीति बढाउनुका साथै मानिसको खर्च गर्न सक्ने आम्दानी घटाएको छ। तर द्वन्द्वका बिच पनि बजारले कम्तीमा आंशिक भए पनि तेल ल्याउन सकिरहेको छ।

यही कारण विश्वले अहिलेसम्मकै ठुलो तेल आपूर्ति संकट भोगिरहँदा पनि तेलको भाउ सोच्नै नसकिने स्तरमा पुगिसकेको छैन। तर वार्ताबाट युद्धको समाधान ननिस्किने अवस्थामा यस्तो कति दिनसम्म होला भनेर भन्न सकिने अवस्था छैन। साभार: अनलाइनखबरडटकम

# गाजामा शव गाड्नै चिहानको अभाव

## युद्धमा ४० भन्दा बढी समाधिस्थल नष्ट, अस्थायी ठाउँमा शव गाड्न बाध्य परिवार

काठमाडौं, ७ भदौ। अमेरिकाको सहयोगमा इजरायलले गाजामा जारी राखेको निरन्तर आक्रमणमा परी मृत्यु हुने नागरिकको सङ्ख्या बढ्दै गएपछि शव गाड्ने ठाउँको अभाव चुलिएको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार, युद्धका क्रममा ठूलो सङ्ख्यामा चिहान नष्ट भएका छन् भने बाँकी चिहान पनि भरिइसकेका छन्।

गाजाको औकाफ तथा धार्मिक मामिला मन्त्रालयका अनुसार युद्ध सुरु भएयता ४० भन्दा बढी समाधिस्थल नष्ट भएका छन्।





इजरायली सेनाको नियन्त्रणमा रहेका क्षेत्रका चिहानमा समेत जान रोक लगाइएकाले परिवारहरूका लागि शव गाड्ने ठाउँ थप सीमित भएको छ।

इजरायली बमबारी र जबर्जस्ती विस्थापनका कारण लाखौँ प्यालेस्टिनी घर छाड्न बाध्य भएका छन्। यस क्रममा शव गाड्न प्रयोग हुँदै आएका कतिपय स्थान अहिले विस्थापितहरूका लागि आश्रयस्थल बनेका छन्। सरकारी सेवा तथा उद्धार संयन्त्रसमेत प्रभावित भएकाले युद्धमा मारिएका हजारौँ प्यालेस्टिनी अझै 'बेपत्ता' मानिएका छन्। कतिपय शव बगैँचा, पाल, विस्थापित शिविर, विद्यालय तथा अस्पतालका परिसरमा अस्थायी रूपमा गाडिएका छन्।

२० वर्षीय उमर अल-साहवीले आफ्ना बुवा मोहम्मदको अन्त्येष्टिका लागि चिहान खोज्दा यस्तो समस्या प्रत्यक्ष भोग्नुपरेको बताएका छन्। गाजाको जैतौन क्षेत्रमा सडक किनारमा चिया-कफी पसल सञ्चालन गर्दै आएका ४० वर्षीय मोहम्मदको जुन १० मा 'येलो लाइन' नजिकै गोली लागेर मृत्यु भएको थियो। उमरले आफ्ना बुवाको शव गाड्न जैतौन समाधिस्थल पुग्दा चिहानहरू एकअर्कासँग जोडिएको र अधिकांश चिहानमा इजरायली आक्रमणमा मारिएका मानिसहरू गाडिएको देखे। ठाउँको अभाव र युद्धको कठिन परिस्थितिका कारण कतिपय चिहानमा ढुङ्गा राखेर त्यसमा मृतकको नाम लेखिएको कागज टाँसिएको थियो।

नयाँ चिहानका लागि करिब ५०० शेकेल (१६७ अमेरिकी डलर) खर्च लाग्ने भएपछि उमरको परिवारले त्यो रकम जुटाउन सकेन। अन्ततः उनीहरूले मोहम्मदलाई आफ्नै बाजेको चिहानमा गाडेका थिए। युद्धविरामको घोषणा भएपछि परिवारहरूले भग्नावशेष तथा अस्थायी चिहानबाट आफन्तका शव निकालेर पुनः अन्त्येष्टि गर्ने प्रयास गरेका थिए। गाजाका अधिकारीहरूका अनुसार अस्पताल परिसरमा रहेका सातवटा सामूहिक चिहानबाट मात्रै ५२९ प्यालेस्टिनीको शव निकालिएको छ।

अक्टोबर २०२३ मा युद्ध सुरु भएयता ७३ हजारभन्दा बढी प्यालेस्टिनी मारिएको दाबी गरिएको छ। युद्धविरामपछि पनि कम्तीमा १,२०० प्यालेस्टिनी मारिएको गाजाका अधिकारीहरूले बताएका छन्। मृतकको सङ्ख्या बढ्दै जाँदा चिहानको अभाव झन् गम्भीर बन्दै गएको छ। गाजाको औकाफ तथा धार्मिक मामिला मन्त्रालयका अनुसार युद्ध सुरु हुँदा नै त्यहाँका ६० वटा समाधिस्थल भरिइसकेका थिए। अहिले हेडस्टोनलगायत अन्त्येष्टिका सामग्रीको समेत अभाव छ। चिहान निर्माणको खर्च ७०० देखि १ हजार शेकेलसम्म पुगेको अधिकारीहरूले बताएका छन्।

उचित चिहान निर्माण गर्न नसक्दा भत्किएका भवनका टुक्रा, माटो तथा जस्तापातालाई अस्थायी संकेतका रूपमा प्रयोग गरिएको छ। मन्त्रालयले नयाँ समाधिस्थल खोज्नुका साथै अस्थायी स्थानमा गाडिएका शवलाई व्यवस्थित समाधिस्थलमा स्थानान्तरण गर्ने प्रयास गरिरहेको छ। तर जारी हिंसा, विस्थापन र स्रोतसाधनको अभावका कारण यो काम पनि चुनौतीपूर्ण बनेको छ। एजेन्सीहरूको सहयोगमा

# इरानको चेतावनी-अमेरिकी दबाबमा साथ दिए 'शत्रु'

## अमेरिकी अभियानलाई समर्थन गर्ने मुलुकको तेल निर्यात रोक्ने र हितविरुद्ध कदम चाल्ने रेजाईको चेतावनी

एजेन्सी

तेहरान ७ भदौ। इरानका एक वरिष्ठ सुरक्षा अधिकारीले छिमेकी तथा अन्य मुलुकहरूलाई इरानविरुद्धको अमेरिकी 'आर्थिक दबाब अभियान'मा सहभागी नहुन चेतावनी दिएका छन्। उनले अमेरिकी अभियानमा साथ दिने मुलुकलाई तेहरानले 'शत्रु'का रूपमा व्यवहार गर्ने बताएका छन्।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले सरकारी प्रसारक आईआरआईबी टिभीसँगको अन्तर्वार्तामा इरानले सुरुमा सम्बन्धित मुलुकसँग वार्ता गरी अमेरिकाले सञ्चालन गरेको भनिएको 'आर्थिक युद्ध'मा सहभागी नहुन आग्रह गर्ने बताएका छन्।

ती मुलुकले अमेरिकी अभियानलाई समर्थन गरिरहेमा इरानले उनीहरूको हितविरुद्ध कारबाही गर्ने



उनले चेतावनी दिएका छन्। क्षेत्रीय मुलुकले अमेरिकी दबाब अभियानलाई समर्थन गरेमा होर्मुज जलसन्धि र फारसी खाडी हुँदै हुने तेल निर्यात रोक्ने उनको भनाइ छ।

रेजाईले जुनमा तेहरान र वासिङ्टनबीच भएको समझदारीपत्र (एमओयू) अन्तर्गत अमेरिकाले आफ्ना प्रतिबद्धता पूरा नगरेसम्म होर्मुज जलसन्धि बन्द रहने दाबीसमेत गरेका छन्।

उनको यस्तो भनाइ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार इरानलाई सहयोग गर्ने कुनै पनि मुलुकविरुद्ध 'हालसम्मकै कठोर आर्थिक कारबाही' गर्ने घोषणा गरेपछि आएको हो।

ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा यस्तो कारबाही 'अभूतपूर्व स्तरको आर्थिक युद्ध र एक्ल्याउने प्रयास' हुने बताएका थिए।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मधेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँच कमजोर

## २८.८५ प्रतिशतले कहिल्यै विद्यालय टेकेनन्, ६५.०५ प्रतिशत मात्रै अध्ययनरत

दैनिक समाचारदाता

जनकपुरधाम, ७ भदौ । मधेश प्रदेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँच कमजोर देखिएको छ । उपलब्ध तथ्यांकअनुसार प्रदेशमा अपाङ्गता भएका २८ दशमलव ८५ प्रतिशत बालबालिका कहिल्यै विद्यालय नगएको पाइएको छ ।

तथ्यांकअनुसार मधेशमा अपाङ्गता भएका बालबालिकामध्ये ६५ दशमलव ०५ प्रतिशत मात्रै हाल विद्यालयमा अध्ययनरत छन् । यसले ठूलो संख्यामा बालबालिका शिक्षाको नियमित पहुँचबाट बाहिर रहेको देखाउँछ ।

राष्ट्रिय तथ्यांकअनुसार ० देखि १७ वर्ष उमेर समूहका बालबालिकामध्ये १ दशमलव २५ प्रतिशतमा अपाङ्गता पहिचान भएको छ । देशभर अपाङ्गता भएका बालबालिकामध्ये ७५ दशमलव ९१ प्रतिशत हाल विद्यालयमा अध्ययनरत छन् । त्यस्तै, १६ दशमलव ५५ प्रतिशतले कहिल्यै विद्यालय टेकेका छैनन् भने ७ दशमलव ६५ प्रतिशत विद्यालय गए पनि हाल अध्ययनरत छैनन् ।




प्रदेशगत तुलना गर्दा कर्णालीमा अपाङ्गता भएका बालबालिकाको विद्यालय सहभागिता ८४ दशमलव ०५ प्रतिशत रहेको छ । यसको तुलनामा मधेशको ६५ दशमलव ०५ प्रतिशत सहभागिता निकै कम हो । अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहनुमा विद्यालयसम्मको पहुँचको कमी, भौगोलिक कठिनाइ, अपाङ्गतामैत्री पूर्वाधारको अभाव, आवश्यक सहायक सामग्रीको कमी, परिवारको कमजोर आर्थिक अवस्था तथा सामाजिक दृष्टिकोणलगायतका कारण देखिएका छन् ।

विशेष आवश्यकता भएका बालबालिकाका लागि विद्यालयमा आवश्यक सहयोग र पहुँचयुक्त संरचना नहुँदा भर्ना भएका बालबालिकासमेत बीचमै पढाइ छाड्ने जोखिम रहेको अध्ययनले देखाएको छ ।

त्यसैले मधेशमा अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना गराउनेसँगै उनीहरूको निरन्तर अध्ययनका लागि आवश्यक वातावरण निर्माण गर्नु चुनौतीपूर्ण देखिएको छ । विद्यालयका भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउनुका साथै सहायक सामग्री, विशेष शिक्षण पद्धति र आवश्यक सहयोगी सेवाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

लैङ्गिक तथ्यांकअनुसार कुल अपाङ्गता भएका जनसंख्यामध्ये ५४ दशमलव २५ प्रतिशत पुरुष र ४५ दशमलव ८५ प्रतिशत महिला रहेका छन् । त्यस्तै, ग्रामीण क्षेत्रमा अपाङ्गताको दर २ दशमलव ६५ प्रतिशत र सहरी क्षेत्रमा २ दशमलव ०५ प्रतिशत रहेको छ ।

नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । अपाङ्गता भएका नागरिकका लागि समेत शिक्षामा विशेष अधिकार सुनिश्चित गरिएको छ । तर, मधेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँचसम्बन्धी तथ्यांकले कानुनी व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखाएको छ ।

# संघको दरबन्दी, प्रदेशमा रजाइँ

दैनिक समाचारदाता

जनकपुरधाम, ७ भदौ । संघीय सरकारको दरबन्दीमा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मी लामो समयदेखि मधेश प्रदेशका विभिन्न स्वास्थ्य संस्थामा काजमा बसेर जिम्मेवारी सम्हाल्दै आएका छन् । संघीय सरकारले आफ्नै दरबन्दीमा फर्किन पत्राचार गरे पनि कतिपय चिकित्सक काज फिर्ता हुन आनाकानी गर्ने र राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा प्रदेशमै बसिरहने गरेको पाइएको छ ।

यसको पछिल्लो उदाहरण हन-वरिष्ठ कन्सल्ट्यान्ट सर्जन (अधिकृत दशौं) डा. नागेन्द्र यादव । संघीय सरकार मातहतका डा. यादवलाई आफ्नै दरबन्दी रहेको चितवनस्थित भरतपुर अस्पतालमा फिर्ता हुन स्वास्थ्य तथा स्वच्छता मन्त्रालयले गत १ असारमा पत्राचार गरेको थियो । तर, मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत प्रदेश आपूर्ति केन्द्र र जनस्वास्थ्य प्रयोगशालाको प्रमुखको दोहोरो जिम्मेवारीमा रहेका यादव काज फिर्ता हुन मानेनन् ।

त्यसको एक महिनापछि ३१ असारमा संघीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले पुनः मधेशको स्वास्थ्य मन्त्रालयलाई पत्र पठाउँदै डा. यादवलाई तत्काल रमाना दिई भरतपुर अस्पताल पठाउन आग्रह गरेको थियो । त्यसपछि मधेशको स्वास्थ्य मन्त्रालयले ३ भदौमा २४ घण्टे अल्टिमेटमसहित डा. यादवलाई रमाना दिन प्रदेश आपूर्ति केन्द्रलाई पत्राचार गरेको थियो । स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवका अनुसार उनले १५ भदौदेखि लागू हुने गरी रमाना पत्र बुझेका छन् ।

डा. नागेन्द्र यादव एउटा उदाहरण मात्रै हुन् । संघीय सरकारको दरबन्दी भएका चिकित्सक तथा स्वास्थ्यकर्मीको ठूलो संख्या मधेश प्रदेशका विभिन्न निकायमा लामो समयदेखि काजमा कार्यरत रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाएको पत्रमा यस्ता ३३ जना चिकित्सक तथा स्वास्थ्यकर्मीको नाम उल्लेख गरेको छ ।

विशेषगरी राजधानी जनकपुरधाममा संघीय दरबन्दी भएका चिकित्सक काजमा आएर विभिन्न निकायको प्रमुख बन्ने, बजेट तथा प्रशासनिक जिम्मेवारी सम्हाल्ने र अस्पताल तथा क्लिनिकमा समेत काम गर्ने गरेको देखिएको छ । संघीय सरकारले दरबन्दी भएको स्थानमा फिर्ता हुन पत्र पठाउँदा पत्र लुकाउने, फिर्ता हुन आनाकानी गर्ने तथा राजनीतिक पहुँच प्रयोग गरेर काज लम्ब्याउने प्रवृत्तिसमेत देखिएको आरोप छ ।

चलखेल गर्नेलाई दोहोरो जिम्मेवारी, आफ्नै कर्मचारी जिम्मेवारीविहीन

संघीय सरकारको दरबन्दी भएर मधेशमा काजमा आएका कर्मचारीको काज सरुवा तथा खटनपटन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत हुने गरेको छ । यही प्रक्रियाको फाइदा उठाउँदै राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा काज लम्ब्याउने प्रवृत्ति रहेको मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

यता, लामो समयदेखि प्रदेशमै कार्यरत आफ्नै कर्मचारीलाई भने जिम्मेवारीविहीन बनाइएको उदाहरणसमेत भेटिएको छ । जनस्वास्थ्य प्रशासक डा. श्रवण नायकलाई करिब डेढ वर्षदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अतिरिक्त समूहमा राखिएको छ । स्वास्थ्य निर्देशनालयबाट ७ वैशाख २०८२ मा मुख्यमन्त्री कार्यालयमा पठाइएका नायकले अहिलेसम्म कुनै जिम्मेवारी पाएका छैनन् ।

'मलाई सरकारले डेढ वर्षदेखि मुख्यमन्त्री कार्यालयमै अतिरिक्तमा थन्क्याएर राखेको छ । धेरै आग्रह गर्दा पनि मलाई कुनै ठाउँमा पठाइएन, जिम्मेवारी दिइएन,' नायकले भने ।

संघीय दरबन्दीमा रहेका डा. नागेन्द्र यादवलाई दुई निकायको प्रमुखको जिम्मेवारी दिनु र प्रदेशकै कर्मचारीलाई लामो समय जिम्मेवारीविहीन बनाएर राख्नुले प्रदेश सरकारको कर्मचारी व्यवस्थापनमाथि प्रश्न उठाएको छ ।

मुख्यमन्त्री कार्यालयका एक कर्मचारीले भने, 'मधेशका निकायमा दाम र पहुँचअनुसार कार्यालय तथा जिम्मेवारी तोकेर पठाउने गरिएको छ । चलखेल गर्नेले अवसर पाउने र नगर्नेहरू श्रवण नायकजस्तो अवस्थामा पुग्ने गरेका छन् ।'

***दरबन्दी संघमा, काम प्रदेशमा***

स्वास्थ्य मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई साउन २८ गते पठाएको पत्रमा संघीय दरबन्दी भएका चिकित्सक तथा स्वास्थ्यकर्मी लामो समय प्रदेशमा काजमा रहँदा प्रदेशमा समायोजन भई बढुवा भएका चिकित्सक तथा स्वास्थ्यकर्मी अवसरबाट वञ्चित हुने उल्लेख गरेको छ ।

मन्त्रालयले तयार पारेको सूचीमा संघीय सरकारको दरबन्दीमा रहेका ३३ जना चिकित्सक तथा स्वास्थ्यकर्मी मधेशका विभिन्न स्वास्थ्य संस्थामा काजमा कार्यरत रहेको उल्लेख छ ।

सूचीको पहिलो नम्बरमा एघारौं तहका वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. रामनरेश पण्डित छन् । काठमाडौंको थापाथलीस्थित प्रसूति गृहमा दरबन्दी रहेका उनी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन् र प्रतिष्ठानका रेक्टरसमेत हुन् ।

त्यस्तै, मधेश स्वास्थ्य निर्देशनालयमा कार्यरत दशौं तहका सहप्रमुख मेडिकल ल्याब टेक्नोलोजिस्ट रामविनय साहको दरबन्दी वीर अस्पताल, काठमाडौंमा छ । उनी पनि लामो समयदेखि मधेशमा काजमा कार्यरत छन् ।

दशौं तहका जनरल फिजिसियन डा. मनीष पाण्डे र ग्यास्ट्रोइन्टेरोलोजिस्ट डा. रामदेव चौधरी पनि लामो समयदेखि प्रादेशिक अस्पताल जनकपुरमा कार्यरत छन् । पाण्डेको दरबन्दी नारायणी अस्पताल, वीरगञ्जमा र चौधरीको कोसी अस्पताल, विराटनगरमा रहेको छ ।

# निःशुल्क उपचार, क्षयरोगमा परिवारलाई आर्थिक भार


## ५१ प्रतिशत परिवार ठूलो आर्थिक कठिनाइमा, औषधि प्रतिरोधी क्षयरोगमा जोखिम झन् बढी

दैनिक समाचारदाता

जनकपुरधाम, ७ भदौ । क्षयरोगको औषधि र आधारभूत उपचार सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध भए पनि उपचारका क्रममा बिरामी तथा परिवारले ठूलो आर्थिक भार बेहोर्नुपर्ने अवस्था देखिएको छ । मधेशजस्ता प्रदेशमा स्वास्थ्य सेवाका लागि टाढा जानुपर्ने तथा अतिरिक्त परीक्षण र यातायातमा खर्च गर्नुपर्ने बाध्यताले क्षयरोग प्रभावित परिवारको आर्थिक जोखिम झनै बढाउने गरेको छ ।

हालै प्रकाशित एक अध्ययनअनुसार नेपालमा क्षयरोग प्रभावित ५१ प्रतिशत परिवारले रोगका कारण ठूलो आर्थिक भार बेहोर्नुपरेको छ । औषधि प्रतिरोधी क्षयरोग भएका परिवारमध्ये भने चारमध्ये तीन अर्थात् करिब ७५ प्रतिशत परिवारले ठूलो आर्थिक कठिनाइ सामना गर्नुपरेको अध्ययनले देखाएको छ ।

सरकारले क्षयरोगको औषधिसँगै खकार परीक्षण र छातीको एक्स–रे सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ । तर, सिटी स्क्यान, एमआरआई तथा कतिपय प्रयोगशाला परीक्षणका लागि बिरामीले आफैं खर्च गर्नुपर्ने अवस्था छ । शरीरका अन्य अंगमा क्षयरोग देखिएका बिरामीलाई थप जटिल परीक्षण आवश्यक पर्ने भएकाले उपचार खर्च अझ बढ्ने गरेको अध्ययनमा उल्लेख छ ।



राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता भएका एक हजार बिरामीलाई समेटिएको अध्ययनले कुल खर्चको ४४ प्रतिशत उपचारबाहेकका प्रत्यक्ष खर्चमा जाने देखाएको छ । यातायात, खाना, आवास तथा पोषणमा हुने खर्च यसअन्तर्गत पर्छ ।

त्यस्तै, बिरामी वा हेरचाह गर्ने व्यक्तिले उपचारका क्रममा काम गर्न नपाउँदा हुने आम्दानी गुमाइबाट सिर्जित अप्रत्यक्ष खर्चले कुल खर्चको ३९ प्रतिशत हिस्सा ओगटेको छ ।

क्षयरोगका कारण १३ प्रतिशत परिवार गरिबीको रेखामुनि पुगेका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका परिवारमा यस्तो अवस्था ३१ प्रतिशत पुगेको अध्ययनले देखाएको छ ।

उपचार खर्च व्यवस्थापन गर्न ३५ प्रतिशत बिरामीले ऋण लिनुपरेको बताएका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका बिरामीमध्ये ४२ प्रतिशत र औषधिप्रति संवेदनशील क्षयरोग भएका बिरामीमध्ये ३१ प्रतिशतले उपचारका लागि ऋण लिएको तथ्यांक छ ।

त्यस्तै, उपचार खर्च जुटाउन केही परिवारले सम्पत्तिसमेत बिक्री गर्नुपरेको छ । औषधिप्रति संवेदनशील क्षयरोग भएका ५ दशमलव ७ प्रतिशत र औषधि प्रतिरोधी क्षयरोग भएका ७ दशमलव ७ प्रतिशतले जग्गा, पशुधन वा सुनका गहनाजस्ता सम्पत्ति बिक्री गरेको अध्ययनले देखाएको छ ।

नेपालमा क्षयरोगको अवस्था पनि गम्भीर रहेको तथ्यांकले देखाउँछ । विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार सन् २०२४ मा नेपालमा करिब ६७ हजार जनामा क्षयरोग संक्रमण भएको थियो । यो प्रतिएक लाख जनसंख्यामा २२७ संक्रमित बराबर हो । सोही वर्ष क्षयरोगका कारण अनुमानित १६ हजार जनाको मृत्यु भएको थियो ।

अनुमानित संक्रमितमध्ये ३८ हजार ६ सय ६ जना मात्रै पहिचान भएर उपचारमा आएका थिए । ठूलो संख्यामा संक्रमित पहिचान तथा उपचारको पहुँचबाहिर रहनु क्षयरोग नियन्त्रणको प्रमुख चुनौती बनेको छ । नेपालले सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । तर, सन् २०१८–१९ मा गरिएको राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणले नेपालमा करिब एक लाख १७ हजार जनामा क्षयरोग संक्रमण रहेको देखाएको थियो ।

क्षयरोगको उपचार निःशुल्क भए पनि परीक्षण, यातायात, आवास, पोषण र आम्दानी गुम्नेजस्ता अप्रत्यक्ष खर्चले परिवारलाई आर्थिक संकटमा धकेल्ने अवस्था देखिएको छ । मधेशमा स्वास्थ्य सेवाको सीमित पहुँच, उपचारका लागि अन्य सहरमा जानुपर्ने बाध्यता र कमजोर आर्थिक अवस्थाका कारण यस्तो जोखिम अझ गम्भीर हुनसक्ने देखिन्छ ।

त्यसैले क्षयरोग नियन्त्रणका लागि औषधि निःशुल्क उपलब्ध गराउनु मात्रै पर्याप्त हुँदैन । बिरामीको परीक्षण, यातायात, पोषण र उपचारका क्रममा हुने आम्दानीको क्षतिलाई समेत सम्बोधन गर्ने सामाजिक तथा आर्थिक सुरक्षा कार्यक्रम आवश्यक देखिन्छ ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने

- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४